# स्थानीय राजपत्र

## पाटन नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पाटन, बैतडी

सदुरपश्चिम प्रदेश, नेपाल

---

## महिला संजान गठन तथा परिचालन कार्यविधि, २०८०

**भाग २ , खण्ड ७ , संख्या ५**

**कार्यपालिकाबाट स्वीकृत मिति : २०८१/०२/०१**

**प्रकाशन मिति: २०८१ जेष्ठ २२ गते मंगलबार**

# महिला संजाल गठन तथा परिचालन कार्यविधि २०८०

## महिला संजाल गठन तथा परिचालन कार्यविधि २०८०

प्रस्तावना : नगरपालिका क्षेत्रभित्रका वडास्तर देखी नै महिलाहरुको नेतृत्वमा सरोकारवाला महिलाहरुको प्रतिनिधित्व वडास्तरिय महिला सञ्जाल मार्फत सुनिश्चित गर्दै नगरपालिका मातहतको सामाजिक विकास समितिको प्रत्यक्ष मातहत रहने गरी महिला सञ्जालको गठन गरी सोही सञ्जाल मार्फत महिला विकास सम्बन्धि नगरपालिका स्तरीय नीति निर्माण देखि कार्यान्वयन तहसम्म आवश्यकता अनुसार उनीहरुलाई संलग्न गराई समग्र पाटन नगरपालिकाको सर्वाङ्गिण विकासको मुल प्रवाहमा महिलालाई समावेश गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले ,

स्थानीय सरकार संचालन ऐन ,२०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी पाटन नगरपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

### परिच्छेद १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम महिला संजाल गठन तथा परिचालन कार्यविधी २०८० रहने छ ।

(२) यो कार्यविधि पाटन नगर कार्यपालिकाको बैठकद्धारा पारित गरेको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,

(क) "अध्यक्ष" भन्नाले यस कार्यविधिको नियम ६ बमोजिम गठन हुने संजालको अध्यक्षलाई सम्भनुपर्छ

(ख) "कार्यपालिका" भन्नाले पाटन नगर कार्यपालिकालाई सम्भनु पर्दछ ।

(ग) "कार्यालय" भन्नाले पाटन नगर कार्यपालिकाको कार्यालयलाई सम्भनु पर्दछ ।

(घ) "कार्यविधि" भन्नाले महिला सञ्जाल गठन तथा परिचालन कार्यविधी २०८० सम्भनु पर्छ ।

(ङ) "नगरपालिका" भन्नाले पाटन नगरपालिकालाई सम्भनुपर्छ ।

(च) "सञ्जाल" भन्नाले कायविधिको नियम ६ बमोजिमको सञ्जाल लाई सम्भनु पर्छ ।

(छ) "वडा" भन्नाले पाटन नगरपालिका मातहतको कुनै पनि वडालाई सम्भनुपर्छ ।

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

(ज) "वडा समिति" भन्नाले सम्बन्धित वडाको वडा समितिलाई सम्झनुपर्छ ।

(झ) "वडाध्यक्ष" भन्नाले पाटन नगरपालिका मातहतको सम्बन्धित वडाका वडाध्यक्षलाई सम्झनुपर्छ ।

(ञ) "वडा सचिव" भन्नाले सम्बन्धित वडाको वडा सचिवलाई सम्झनुपर्छ ।

(ट) "वडा स्तरिय सञ्जाल" भन्नाले कार्यविधिको नियम ३ बमोजिम प्रत्येक वडामा गठन हुने सञ्जाललाई सम्झनुपर्छ ।

(ठ) "सदस्य" भन्नाले यस कार्यविधि बमोजिम गठन हुने समिति तथा सञ्जालका सदस्यलाई आवश्यकता अनुसार सम्झनुपर्छ ।

(ड) "सामाजिक विकास समिति" भन्नाले पाटन नगरपालिका नगर कार्यपालिका कार्यसम्पादन नियमाली, २०७५ को दफा १५ बमोजिम गठन भएको सामाजिक विकास समितिलाई सम्झनुपर्छ ।

(ढ) "संयोजक" भन्नाले यस कार्यविधिको नियम ३ बमोजिम गठन हुने संजालका संयोजकलाई सम्झनु पर्छ ।

## परिच्छेद २

## वडा स्तरिय महिला सञ्जाल सम्बन्धि व्यवस्था

**३. सञ्जालको गठन :**

(१) प्रत्येक वडामा महिला विकास तथा सशक्तिकरण सम्बन्धि योजना तथा कार्यक्रम सञ्चालन गर्ने काम समेतको लागि एक वडास्तरिय महिला सञ्जाल रहनेछ ।

(२) सञ्जाल गठन देहाय बमोजिम हुनेछ :

(क) सम्बन्धित वडाको महलिाहरुको भेलाले आफुहरु मध्येबाट छानेको एकजना - संयोजक

(ख) सम्बन्धित वडाभित्रका महिला समुह, महिला सहकारी, आमा समुह वा टोल विकास संस्थाबाट एक/एक जना महिला - सदस्य

(ग) महिलाको हक, हितको संरक्षण र सम्बर्द्धन वा समाज सेवामा विशेष योगदान पुर्‍याएका महिलाहरुमध्ये बाट वडा समितिबाट मनोनित चार जना - सदस्य

(घ) वडा सचिव वा निजले तोकेको कर्मचारी - सदस्य सचिव

(३) उपनियम २ को खण्ड ख र ग बमोजिमका सदस्यहरुको मनोनयन समावेशी सिद्धान्तको आधारमा वडा समितिले गर्नेछ ।

(४) वडा समिति वडा अर्न्तगतका टोल अनुसार ७ देखि १३ जना सम्मको गठन गर्न सकिनेछ ।

(५) मनोनित सदस्यहरुको पदावधि २ बर्षको हुनेछ ।

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

(६) उपनियम ५ मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै मनोनित सदस्यले आफ्नो पद अनुरुपको आचरण नगरेको वा जिम्मेवारी पुरा नगरेको भनि सञ्जालको बहुमत सदस्यले ठहर गरी वडा समितिमा सिफारिस गरेमा वडा समितिले त्यस्तो सदस्यलाई जुनसुकै समयमा पदबाट हटाउन सक्नेछ । तर पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

**४. सञ्जालको बैठक र निर्णय :**

(क) सञ्जालको बैठक कम्तीमा दुई महिनामा एक पटक सम्बन्धित वडा कार्यालयमा बस्नेछ ।

(ख) संयोजकले तोकेको मिति समय र स्थानमा सञ्जालको बैठक बस्नेछ ।

(ग) सञ्जालको बैठक हुनु भन्दा कम्तीमा चौबिस घण्टा अगावै छलफल हुने बिषयको कार्यसुची सहितको सुचना सदस्य सचिवले सदस्यहरुलाई दिनेछ ।

(घ) सञ्जालको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरुको उपस्थीति भएमा सञ्जालको बैठकको लागि गणपुरक संख्या पुगेको मानिन्छ ।

(ङ) सञ्जालको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(च) सञ्जालको बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गरी राख्नेछ ।

(छ) सञ्जालको बैठकमा वडाध्यक्षलाई आमन्त्रण गर्नुपर्नेछ ।

**५. सञ्जालको काम कर्तव्य र अधिकार :**

यस कार्यविधिको अन्यत्र नियममा उल्लेखित काम , कर्तव्य र अधिकारको अतिरिक्त सञ्जालको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) वडा भित्रका टोल विकास संस्थाहरुले सम्पादन गर्ने कार्यमा समन्वय सथा सहजिकरण गर्ने ।

(ख) महिला सशक्तिकरण तथा मुल प्रवाहिकरण सम्बन्धि कार्यक्रमहरुका तर्जुमा गरी वडा समितिमा पेश गर्ने ।

(ग) वडाभित्र क्रियाशिल महिलासँग सम्बन्धित संघ संस्थाहरुबिच आवश्यक समन्वय एवं सहजीकरण गर्ने ।

(घ) वडा भित्रका महिला हरुलाई उद्यमशील बनाउनका लागि आवश्यक क्षेत्र पहिचान गरी वडा समितिमा सिफारिस गर्ने ।

(ङ) महिलालाई सर्वाङ्गिण विकासको मुल प्रवाहमा परिचालन गर्न अभियानमुलक कार्यहरु सञ्चालन गर्ने गराउने ।

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

(च) महिलालाई विकास निर्माण तथा समाज ससेवाको क्षेत्रमा स्वयमंसेवकको रुपमा परिचालन गर्ने गराउने ।

(ज) लैंगिक हिंसा न्युनिकरणका आवश्यक कार्यक्रमहरुको तर्जुमा गरी वडा समितिमा पेश गर्ने ।

(झ) कार्यपालिका तथा वडा सममितिले तोकेको अन्य कार्य गर्ने गराउने ।

## परिच्छेद ३

## नगरपालिका स्तरिय महिला सञ्जाल

**६. सञ्जाल गठन :**

(१) कार्यपालिकाको मातहतको सामाजिक विकास समितिको प्रत्यक्ष मातहतमा रहने गरी नगरपालिका स्तरीय एक महिला सञ्जाल गठन हुनेछ ।

(क) सबै वडाका सञ्जालका संयोजकहरु मध्येबाट आफुले छानेको एक जना - अध्यक्ष

(ख) सबै वडाका महिला समितिका संयोजक - सदस्य

(ग) महिलाको हक हितको संरक्षण र प्रवर्द्धन वा समाज सेवाको क्षेत्रमा विशेष योगदान पुर्याएका महिला हरुमध्येबाट नगर स्तरिय महिला भेलाले मनोनित गरेको पाँच जना - सदस्यक

(ङ) कार्यालयको महिला विकास शाखा प्रमुख - सदस्य सचिव

(२) उपनियम १ को खण्ड ग बमोजिमका सदस्यहरुको मनोनयन समावेशी सिद्धान्तको आधारमा गरिनेछ ।

(३) मनोनित सदस्यको पदावधि २ बर्षको हुनेछ ।

(४) उपनियम ३ मा जुनसुकै कुरा लेखिएको भएता पनी कुनै मनोनित सदस्यले आफ्नो पद अनुरुपको आचरण नगरेको वा जिम्मेवारी पुरा नगरेको भनी परिषदको बहुमत सदस्यले ठहर गरी सामाजिक विकास समिति मार्फत कार्यपालिकाले त्यस्तो सदस्यलाई जुनसुकै समयमा पदबाट हटाउन सक्नेछ । तर पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

**७. सञ्जालको बैठक र निर्णय :**

(१) सञ्जालको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ ।

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

(२) अध्यक्षले तोकेको मिति , समय र स्थानमा सञ्जालको बैठक बस्नेछ ।

(३) सञ्जालको बैठकमा कम्तीमा चौविस घण्टा अगावै छलफल हुने विषयको कार्यसूचि सहितको सूचना सदस्य सचिवले सदस्यहरुलाई दिनेछ ।

(४) सञ्जालको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरुको उपस्थित भएमा सञ्जालको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) सञ्जालको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) सञ्जालको बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गर्नेछ ।

(७) बैठकमा संरक्षकलाई अनिवार्य आमन्त्रण गर्नुपर्नेछ ।

**८. सञ्जालको काम , कर्तव्य र अधिकार :** यस कार्यविधिको अन्यत्र नियममा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त सञ्जालको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) महिला विकास सम्बन्धि नगरपालिका स्तरीय दीर्घकालिन नीतिको मस्यौदा तर्जुमा गरी सामाजिक विकास समितिमा पेश गर्ने ।

(२) महिला लक्षित नगरपालिका स्तरिय बार्षिक कार्यक्रमहरुको तर्जुमा गरी सामाजिक विकास समितिमा पेश गर्ने ।

(३) नगरपीलका क्षेत्रभित्र क्रियाशिल महिला सँग सम्बन्धित विभिन्न संघ संस्थाहरुलाई नगरपाकिमा सुचिकृत गर्ने र उल्लेखित संस्थाहरुको काम कारवाहीको रेखदेख तथा नियमन गर्ने ।

(४) नगरपालिका क्षेत्रभित्रको महिलाहरुलाई विकासको मुल प्रवाहमा परिचालन गर्न अभियानमुलक कार्य सञ्चालन गर्ने गराउने ।

(५ नगरपालिका क्षेत्रभित्रका महिलाहरुलाई उद्यमशिल बनाउनको लागि आवश्यक क्षेत्र पहिचान गरी सामाजिक विकास समितिमा सिफरिस गर्ने ।

(६) महिला विकास , शसक्तिकरण एवं मुल प्रवाहीकरण सम्बन्धि विषयमा सामाजिक विकास समितिमा सिफारिस गर्ने ।

(७) नगरपालिका क्षेत्रभित्रका महिलाहरुलाई विकास निर्माण तथा समाज सेवाका क्षेत्रमा स्वयंसेवकको रुपमा परिचालन गर्ने गराउने ।

(८) नगरपालिकामा सुचिकृत महिला सम्बन्धि काम गर्ने संघसंस्थाको क्षमता अभिवृद्धि गर्ने गराउने ।

(९) कार्यपालिका तथा सामाजिक विकास समितिले तोकेको अन्य कार्य गर्ने गराउने ।

परिच्छेद ४

## विविध

**९. भाग लिन नहुने :**

सञ्जालका कुनै सदस्य वा पदाधिकारीले आफ्नो निजी स्वार्थ भएको कुनै काम कुरामा भाग लिन हुदैन ।

**१०. उप समिति वा कार्यदल गठन गर्न सक्ने :**

पालिकास्तरीय वा वडा स्तरीय सञ्जालले यस कार्यविधि बमोजिम आफुले गर्नुपर्ने कुनै कार्य सम्पादन गर्नको निमित्त आवश्यकता अनुसार बढीमा पाँच सदस्यीय उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

**११. पारिश्रमिक, सुविधा तथा बैठक भत्ता:** पालिका स्तरीय वा वडास्तरीय सञ्जालका पदाधिकारी तथा सदस्यले कार्यपालिकाले तोके बमोजिमको दरमा बैठक भत्ता पाउनेछन् ।

**१२. बार्षिक प्रतिवेदन :** (१) वडा स्तरिय सञ्जालले आफुले बर्ष भरीमा सम्पादन गरेको काम कारवाहीको बार्षिक प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको एक महिनाभित्र सम्बन्धित वडाका वडाध्यक्ष र पालिका स्तरीय सञ्जाल समक्ष पेश गर्नुपर्नेछ र वडाध्यक्षले उक्त प्रतिवेदन वडा समितिको बैठकमा प्रस्तुत गरी समामाजिक विकास समितिमा पेश गर्नुपर्नेछ ।

(२) पालिका स्तरीय सञ्जाल पदाधिकारीहरुले आफुले बर्षभरीमा गरेको काम कारबाहीको बार्षिक प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको एक महिनाभित्र सामाजिक विकास समितिको संयोजक समक्ष पेश गर्नु पर्नेछ र सामाजिक विकास समितिको संयोजकले उक्त प्रतिवेदन सामाजिक विकास समितिको बैठकमा प्रस्तुत गरी कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

**(१३) निर्देशन दिन सक्ने :** कार्यपालिका तथा सामाजिक विकास समितिले दिएको निर्देशन पालना गर्न यस कार्यविधि बमोजिम गठित संञ्जालको कर्तव्य हुनेछ ।

**(१४) संरक्षक सम्बन्धि व्यवस्था :**

(१) संञ्जालको संरक्षक नगरपालिकाका नगर उप प्रमुख रहनेछ ।

(२) वडास्तरीय सञ्जालको संरक्षक सम्बन्धित वडाका वडाध्याक्ष हुनेछ ।

**(१५) सहयोग गर्नुपर्ने :** यस कार्यविधि बमोजिम गठित सञ्जालको काम कारवाहीको सम्बन्धमा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**(१६) सञ्जालको विघटन** : (१) यस कार्यविधिमा उल्लेखित उद्देश्य बमोजिम काम गर्न नसक्ने वडा सञ्जाललाई सम्बन्धित वडाको वडा समितिले विघटन गर्न सक्ने र सो को जानकारी सामाजिक विकास समितिलाई गराउनु पर्नेछ ।

(२) यस कार्यविधिमा उल्लेखित उद्देश्य बमोजिम काम गर्न नसक्ने सञ्जाललाई सामाजिक विकास समितिको सिफारिसमा कार्यपालिकाले विघटन गर्न सक्नेछ ।

**(१७) बिषयगत समितिको संयोजक सञ्जालको अध्यक्ष हुन नपाउने :** यस कार्यविधिको अन्यत्र नियममा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँ कार्यपालिकाका मातहतको बिषयगत समितिका संयोजकहरु यस कार्यविधि बमोजिम हुने सञ्जालको अध्यक्ष हुन पाउने छैन ।

**(१८) कार्यपालिकासँग सम्पर्क :** नगरपालिका स्तरीय सञ्जालले कार्यपालिकासँग सम्पर्क राख्नुपर्दा सामाजिक विकास समिति मार्फत राख्नुपर्नेछ ।

**(१९) मापदण्ड बनाउने अधिकार :** यस कार्यविधिको कार्यान्वयन गर्नको लागि सामाजिक विकास समितिको सिफारिसमा कार्यपालिकाले आवश्यक मापदण्डको तर्जुमा गर्न सक्नेछ ।

**(२०) बाधा अड्काउ फुकाउने :** यस कार्यविधिमा उल्लेखित प्रावधान कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ आईपरेमा कार्यपालिकाले निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

प्रमाणित गर्ने

गौरी सिंह रावल

नगर प्रमुख

**नगर प्रमुख**